प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ४४ ॥ २०८० चैत्र ०६ गते मंगलबार (19th Mar 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

## माओवादी उपाध्यक्ष महरा फेरि पक्राउ



झापा(प्रस) । बलात्कारको आरोपमा १ सय ३५ दिन जेल बसेका माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा सुन तस्करीको आरोपमा पक्राउ परेका छन् । संसद सचिवालयमा कार्यरत महिलालाई बलात्कार प्रयासको आरोप लागेपछि पूर्व सभामुख महरालाई २०७६ असोज १९ गते प्रहरीले सभामुख निवासबाटै पक्राउ गरेको थियो । १ सय ३५ दिन जेलमा बसेर फागुन ५ गते काठमाडौं जिल्ला अदालतबाट सफाइ पाएपछि जेलमुक्त भएका महरालाई सुन तस्करी प्रकरणको अनुसन्धानका लागि कपिलवस्तुको पकडीबाट सोमवार प्रहरीले नियन्त्रणमा लिएको हो ।

आइतबार मात्र गृहमन्त्री रवि लामिछानेले सुन तस्करी प्रकरणमा मुछिएका सबै जनामाथि अनुसन्धान प्रक्रिया अगाडि बढाउन प्रहरीलाई निर्देशन दिएका थिए । सुन तस्करीको जाँचबुझ गर्न गठित आयोगले बुझाएको प्रतिवेदनअनुसार आरोपितहरूलाई कारबाही गर्न उपप्रधान गृहमन्त्री लामिछानेले प्रहरीको सीआईबीलाई निर्देशन दिएका हुन्। जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन गरी तत्काल नतिजा आउने कारबाही गर्न लामिछानेले आइतबार गृह सचिव एकनारायण अर्याल, प्रहरी महानिरीक्षक वसन्त कुँवर र सीआईबी प्रमुख एआईजी श्याम ज्ञवालीलाई निर्देशन दिएका हुन् । साउन २ मा ब्रेक सुमा लुकाएर ल्याइएको ६१ किलो र २०७९ पुषमा विद्युतीय चुरोट (भेप) मा ल्याइएको ९ किलो सुन तस्करीमा पूर्वसभामुख तथा माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा, छोरा राहुल, पूर्वउपराष्ट्रपतिका छोरा दीपेश पुन र परराष्ट्रविज्ञ जीवन गुरुङसहित मुछिएका थिए । उनीहरूलाई प्रहरीले उन्मुक्ति दिएको भन्दै सञ्चारमाध्यममा निरन्तर समाचार प्रकाशित भएपछि सत्यतथ्य जाँचबुझ गर्न संसदमा माग उठेको थियो । पक्राउ परेका महरालाई अस्पताल लगिएको छ । उनको स्वास्थ्य अवस्थाका कारण हिरासतको अवधिभर अस्पतालमा बस्न पाउने गरी काठमाडौं जिल्ला अदालतले आदेश दिएपछि उनलाई थापाथलीस्थित नर्भिक अस्पताल लगिएको हो । नर्भिक अस्पताल उच्च स्रोतका अनुसार महरालाई नर्भिकको इमरजेन्सी वार्डमा राखिएको छ । चिकित्सकहरूले उनको स्वास्थ्य परीक्षण गरिरहेका छन् ।

सोमबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले महरालाई हिरासतमा राख्न अनुमति माग गर्दै अदालत पेस गरेको थियो । काठमाडौं जिल्ला अदालतका न्यायाधीश दुर्गाप्रसाद खनालको इजलासमा सुनुवाइ भएपछि महरालाई ४ दिन थुनामा राख्न म्याद दिएको हो ।

दशक लामो सशस्त्र द्वन्द्वको बलमा उदाएको माओवादी शान्ति प्रक्रिया पछिका १७ वर्षमा आइपुग्दा छिन्न भिन्न मात्रै भएको छैन, पार्टीको शीर्ष तहकै नेताहरु अपराध र संदिग्ध गतिविधिमा एकपछि अर्को गर्दै मुछिन थालेका छन् ।

## व्यायामस्थलको बजेट रकमान्तरण भएपछि विरोध



बिर्तामोड(प्रस)। झापाको बिर्तामोड-२ मा रहेको रामचौक सामुदायिक वनमा व्यायामस्थल निर्माण गर्नका लागि छुट्टिएको बजेट अन्यत्र रकमान्तरण गरेको भन्दै स्थानीयले विरोध जनाएका छन् । बिर्तामोड-२ का वडाध्यक्ष किशोर पौडेलले मनोमानी ढङ्गबाट वनका लागि छुट्टिएको रकम अन्यत्र रकमान्तरण गरेको भन्दै उक्त रकम आफूहरुले नै पाउनु पर्ने मागसहित वनका पदाधिकारी तथा स्थानीयले बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलालाई ज्ञापनपत्र बुझाएका हुन् ।

वनका अध्यक्ष राजु गौतम र सचिव रुपा कोइराला सिग्देलद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा नगरपालिकाले दिएको ५ लाख बजेट वडाले आफूखुशी ढङ्गबाट रकमान्तरण गरेको भन्दै तत्काल उक्त निर्णय नसच्याए चरणबद्ध आन्दोलनका कार्यक्रम गर्ने चेतावनी दिइएको छ । कुनै पनि बजेट रकमान्तरण गर्दा स्थानीयलाई समन्वय गरिनुपर्नेमा वडाध्यक्ष पौडेलले आफूखुशी गरेको आरोप लगाइएको छ। ज्ञापनपत्रमा भनिएको छ 'रामचौकवासीले बिभिन्न कालखण्डमा आएका बाधा अड्चनलाई सामना गर्दै संरक्षण गरिरहेको वनलाई संरक्षण गर्दै मिचिएको जग्गा फिर्ता ल्याउनु त कता हो कता , छुट्याइएको रकमसमेत जानकारी नदिई राजा महाराजाहरुको जस्तो हुकुमी शैलीमा आफूअनुकल रकमान्तरण गर्नुले रामचौकवासीको स्थानीय तहप्रतिको आशा र भरोसामा गम्भीर प्रश्न आएको छ ।'

बिगतमा तत्कालीन वडाध्यक्ष तथा हालका उपप्रमुख संग्रौलाले सो वनको संरक्षणमा चासो दिएपनि हालका वडाध्यक्ष पौडेलले बजेट नै कटौति गरेर अन्याय गरेको स्थानीयको आरोप छ । ज्ञापनपत्र बुझ्दै उपप्रमुख संग्रौलाले वडाले गरेको निर्णय गलत भएको प्रतिक्रिया दिए । उनले वडाले गरेको निर्णयका विषयमा नगर प्रमुखसंग छलफल गर्ने आश्वासन दिएका छन् ।

## भद्रपुर भन्सारले फेरि शुरु गर्यो गैरकानूनी असुली




• दिपक अधिकारी,

भद्रपुर ।भद्रपुर भन्सार कार्यालयले बिभिन्न बहाना बनाएर फेरि गैरकानूनी रुपमा रकम असुल्न थालेको छ ।

गत असोज महिनामा भद्रपुर भन्सारले गैरकानूनी रकम असुल्दै गरेको सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि आंशिक रुपमा गैरकानूनी रकम असुल्न बन्द भएको थियो । चैत १ गतेदेखि भन्सार एजेन्टमार्फत पुनः पुरानै शैलीमा गैरकानूनी रकम असुल्न शुरु गरेपछि भन्सार कार्यालयप्रति स्थानीयवासी आक्रोशित बनेका छन् ।

भारतीय सवारीसाधनले सुबिधाको रसिद लिँदा कानूनतः कुनै पनि शुल्क लाग्दैन । तर, भद्रपुर भन्सारका कर्मचारीले भने हल्का सवारीसाधन (कार, भ्यान, जीप)लाई दैनिक ५० र मोटरसाइकललाई दैनिक २० रुपैयाँ लिँदै आएका थिए । अहिले भन्सार एजेन्टले पनि पुरानै दररेटमा रकम असुल्दै छन् । जुन रकम सरकारी राजश्वमा जाँदैन । रकम लिएको कुनै बिल भर्पाइ पनि हुँदैन ।

नेपाल-भारतको सम्झौताअनुसार भारतीय सवारीसाधनलाई भन्सार कार्यालय रहेको ठाउँबाट नजिकको बजारसम्म पुगी सोही दिन सोही नाकाबाट फर्कने शर्तमा नेपाल प्रवेश गर्नको लागि दिइने ईजाजतपत्रलाई सुविधा भन्ने गरिन्छ । यस्तो ईजाजतपत्र (सुबिधा)लिँदा कुनै शुल्क लाग्दैन । भन्सारले दिने ईजाजतपत्रमा पनि कतै शुल्क उल्लेख हुँदैन ।

ईजाजतपत्र (सुबिधा)को पत्रमा सवारी धनीको नाम, सवारीको चेसिस नं., इन्जिन नं., गाडी नं.,सवारी चालकको नाम र चालकको लाइसेन्स नं. उल्लेख गर्नु पर्ने हुन्छ । तर, भन्सारले दिने ईजाजतपत्र (सुबिधा)को पत्रमा कुनैमा पनि पुरा विवरण लेखिएको हुँदैन । सवारीसाधन नै भन्सार कार्यालय लगेर मात्र सो ईजाजतपत्र दिनु पर्ने कानूनी प्रावधान भएपनि कर्मचारीको मिलेमतोमा (बढी रकम दिएर)अधिकांश सवारीसाधन भन्सार कार्यालय नलगी सुबिधाको ईजाजतपत्र दिने गरेको दैनिक सुबिधा लिने गरेका भद्रपुरका एक भारतीय सवारी चालक बताउँछन् ।

भद्रपुर भन्सार कार्यालयका प्रमुख अमित ढकालका अनुसार भद्रपुर भन्सारबाट १ सयको हाराहारीमा सुबिधा काटिने गरिएको छ । १ यस गाडीको प्रत्येकसँग ५० रुपैंयाँका दरले असुली गर्दा दैनिक ५ हजार हुन्छ । महिनामा १ लाख ५० हजार र वर्षको १८ लाख २५ हजार हुन्छ ।

कानूनतः सुबिधाको रसिद काट्ने अधिकार भन्सारको मात्र हो । एजेन्टलाई दिन मिल्दैन । सुबिधा काट्दा भन्सारका कर्मचारीबाट रकम असुल्दा बिरोध हुने भएकोले एजेन्टमार्फत गैरकानूनी रकम असुल्न लगाइएको हो । कार्यालय प्रमुख ढकालले प्रस्ट रुपमै भने-' कार्यालयबाट रसिद काट्दा पैसाको लेनदेनमा कर्मचारी बद्नाम भए । त्यसैले एजेन्टलाई सुबिधाको रसिद काट्न दिइएको हो ।' एजेन्टले आधिकारिक हस्ताक्षरबिना सुबिधाको रसिद काटिरहेका छन् । प्रेसबाट रसिद छपाएर ल्याएर भन्सारको छाप लगाएर भन्सार एजेन्टले आफ्नै कार्यालयबाट सुबिधाको रसिद दिँदै पठाउने गरेका छन् ।

गोप्य सुत्रका अनुसार भन्सारका कर्मचारीले उठेको रकमको ५० प्रतिशतमा एजेन्टलाई सुबिधाको रकम असुल्न लगाएका हुन् ।

सुबिधाको रसिद काट्न एजेन्टलाई दिइएको र ५० रुपैयाँको दरले गैरकानूनी रकम असुली गरिरहेको विषयमा भद्रपुर भन्सारका कार्यालय प्रमुख ढकालसँग जिज्ञासा राख्दा उनले भने-'मुलुकैभरिको प्राक्टिस्मा आयात-निर्यातको फर्म भर्ने काम एजेन्टले गर्ने गरेकाले भद्रपुरमा पनि शुरु गरिएको हो । फर्म भर्ने कामसँगै सुबिधाको रसिद काट्न पनि एजेन्टलाई जिम्मा दिइएको हो । तर, रकम ५० रुपैयाँ लिएको मलाई जानकारी भएन । यदि सुबिधाको रकम लिने गरेको रहेछ भने तत्काल सुबिधाको रसिद काट्ने काम खोस्छु ।'

भद्रपुर भन्सारले सुबिधाको रसिद काट्न एजेन्टलाई दिएको र ५० रुपैयाँको दरले गैरकानूनी रकम असुल गरिरहेको विषयमा प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलासँग जिज्ञासा राख्दा आफूले बुझ्ने र यदि गैरकानूनी कार्य भएको रहेछ भने तत्काल त्यस्तो कार्य बन्द गराउने बताए ।

## मोटरसाइकलको ठक्करबाट साइकलयात्रीको मृत्यु



झापा(प्रस)। झापाको गौरीगञ्ज गाउँपालिका १ स्थित हुलाकी सडकखण्डमा आइतवार राति भएको सवारी दुर्घटनामा एकजनाको मृत्यु भएको छ भने तीनजना गंभीर घाइते भएका छन् ।

तीनजना सवार मोटरसाइकलले ठक्कर दिँदा साइकलयात्री गौरीगञ्ज -३ बस्ने अन्दाजी ४० वर्षीय अकालु माझीको मृत्यु भएको हो । राति सवा ९ बजेको समयमा गौरीगञ्ज १ स्थित हुलाकी सडकखण्डमा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको मे ४प ४२२४ नं को मोटरसाइकलले बिपरित दिशाबाट जाँदै गरेको साइकललाई ठक्कर दिएको थियो ।ठक्करबाट साइकलयात्री माझीको टाउको तथा शरीरको बिभिन्न भागमा चोट लागेर गंभीर घाइते भएकोमा उपचारका लागि बीएण्डसी अस्पताल ल्याउँदा ल्याउँदै उनको बाटैमा मृत्यु भएको हो ।

त्यस्तै मोटरसाइकलमा सवार गौरीगञ्ज १ बस्ने अन्दाजी ३५ वर्षीय खोदनारायण महतो , अन्दाजी २५ वर्षीय रतनसिंह राजवंशी र अन्दाजी २२ वर्षीय विकास महतो गंभीर घाइते भएका छन् । घाइते खोदनारायणको बीएण्डसी अस्पताल बिर्तामोड , रतनसिंहको निम्स अस्पताल दमक र विकासको नोबेल अस्पताल विराटनगरमा उपचार भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । मोटरसाइकलमा तीनजना सवार रहेकोमा तीमध्ये चालक को हुन् भनेर नखुलेको, मोटरसाइकल र साइकल प्रहरी चौकी कुञ्जिवारीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

## बागलुङमा बस पल्टिँदा ७ यात्रुको मृत्यु



झापा(प्रस)। मध्यपहाडी लोकमार्गअन्तर्गत बागलुङको निसीखोला गाउँपालिका वडा नं ६ को जाउलेपानी भन्ने स्थानमा यात्रुबाहक बस दुर्घटना हुँदा ७ यात्रुको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् ।

सोमबार साँझ ५ बजेर २० मिनेटमा यात्रुबाहक बस सडकदेखि १ सय ५० मिटर तल खस्दा ७ यात्रुको मृत्यु भएको र २४ जना घाइते भएको जिल्ला प्रहरीका निरीक्षक दिपकबाबु केसीले जानकारी दिए । मृतकको नाम भने खुलेको छैन । इलाका प्रहरी कार्यालय बुर्तिवाङका प्रहरी निरीक्षक राजकुमार बिकको नेतृत्वमा गएको टोलीले सुरुवातमा खोजी तथा उद्धार गरेको थियो । टोलीले ७ जना घाइतेलाई बुर्तिवाङस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा लगेको थियो । उनीहरु पनि बोल्न नसक्ने अवस्थामा रहेको प्रहरी नायव उपरीक्षक मदन केसीले बताए ।

रुकुम पश्चिमबाट काठमाडौं जान हिँडेको बाग्मती प्रदेश ०१-

❖ बाँकी अन्तिम पृष्ठमा

डा. विकाश जैशी, MD, DM
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

डा. प्रेम ब. शाही, MS, FISS
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरुदण्ड सर्जन
समय: दैनिक सेवा

प्रा. डा. अरूण सेढाई, MD, DM
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. दिपायन पाण्डे, MD
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

डा. हरिशंकर प्र. यादव, MD, FIEM
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

प्रा. डा. गौरवराज ढकाल, MS, FISS
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

डा. आलोक झा, MD
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

डा.धिरज ताम्राकार, MD
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

डा. धर्मागत भट्टराई, MD, DM
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

डा. केशव कु. मण्डल, MD
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

डा. धिरज गिरी, MS
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

डा. विवेक कट्टेल, MD, FRCI
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# एक महिनामा झापाबाट ३ हजारबढीले लिए श्रम स्विकृति

• लक्ष्मी उप्रेती

मेचीनगर । बितेको फागुन महिनामा श्रम स्विकृति लिएर झापाबाट वैदेशिक रोजगारमा जानेको संख्या ३ हजार १ सय ७९ पुगेको छ । वैदेशिक रोजगार विभागको अभिलेख अनुसार झापाबाट २ हजार ५ सय ६० पुरुष र ६ सय १९ गरी कुल ३ हजार १ सय ७९ जना रोजगारका लागि विदेशिएका हुन् ।

यो अवधिमा १ हजार ४ सय ३ पुरुष तथा ४ सय १९ महिला गरी कुल १ हजार ८ सय २२ जनाले नयाँ श्रम स्विकृति लिएका छन् । यो अवधिमा म्यानपावरमार्फत झापाबाट १ हजार १ सय ४१ पुरुष र २ सय ९४ महिला गरी कुल १ हजार ४ सय ३५ जना विदेश गएको विभागले जनाएको छ । यसैगरी 'जी टु जी' मार्फत २९ पुरुष र ५ महिला गरी कुल ३४ जना रोजगारीका लागि श्रम स्विकृति लिएर विदेश गएका छन् । नयाँ श्रम स्विकृति लिएर व्यक्तिगत रुपमा ३ सय ५३ जना विदेशिएको विभागको अभिलेखले देखाएको छ । एक महिनामा २ सय ३३ जना पुरुष र १ सय २० जना महिला नयाँ श्रम स्विकृति लिएर विदेशिएका हुन् ।

वैदेशिक रोजगारीबाट विदामा आएर पुनः श्रम स्विकृति गरी झापाबाट फागुन महिनामा विदेशिनेको संख्या १ हजार ३ सय ५७ रहेको छ । नयाँ र पुनः श्रम स्विकृतिको जिल्लागत तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी धनुषा जिल्ला देखिन्छ भने दोस्रोमा झापा रहेको छ । नयाँ श्रम स्विकृतिको संख्यामा भने झापा जिल्ला पहिलो स्थानमा छ ।



पछिल्लो तथ्याङ्कलाई आधार मान्ने हो भने नयाँ श्रम स्विकृति लिनेको संख्या झापाबाट द्रुत गतिमा बढिरहेको देखिन्छ ।

एक महिनामा सवैभन्दा बढी धनुषा जिल्लाबाट ३ हजार ५ सय ५४ जनाले श्रम स्विकृति लिएर विदेश गएका छन् । फागुन महिनामा ३ हजार ५ सय ३३ पुरुष र २१ महिला विदेश गएका हुन् । म्यानपावरबाट १ हजार ६ सय २१ पुरुष र ११ महिलागरी कुल १ हजार ६ सय ३२ जना रोजगारका लागि विदेशिएका छन् । यसैगरी 'जी टु जी' मार्फत जानेको संख्या शुन्य रहेको विभागले जनाएको छ । फागुनमा धनुषाबाट नयाँ श्रम स्विकृति लिएर व्यक्तिगतरुपमा १ सय २१ पुरुष र ८ महिलागरी कुल १ सय २१ जना छन् । श्रम स्विकृति लिएर विदेश जाने महिलाहरुको संख्याको आधारमा अन्य जिल्लाको तुलनामा झापाबाट बढी छ ।

फागुनमा देशभरिबाट कुल ६५ हजार ६ सय ५८ जनाले श्रम स्विकृति लिएका छन् । त्यसमा ५८ हजार ८ सय ९० र ६ हजार ७ सय ६८ महिला छन् ।

यसैगरी,'जी टु जी' मार्फत ४ सय ८० पुरुष र ९५ महिला गरी कुल ५ सय ७५ छन् । यसैगरी, श्रम स्विकृति लिएर व्यक्तिगतरुपमा ५ हजार ९ सय २१ पुरुष र १ हजार ५ सय २६ महिला गरी कुल ७ हजार ४ सय ४७ जनाले श्रम स्विकृति लिएको विभागले जनाएको छ । २८ हजार ६ सय ६५ पुरुष र ३ हजार २ सय २३ महिलागरी कुल ३१ हजार ८ सय ९८ जना म्यानपावरबाट विदेशिएका छन् । फागुनको एक महिनामा ३५ हजार ६६ पुरुष र ४ हजार ८ सय ५४ महिला गरी कुल ३९ हजार ९ सय २० जनाले नयाँ श्रम स्विकृति लिएका छन् । झापाको मेचीनगर नगरपालिकाको रोजगार सेवाकेन्द्रबाट असोज १० गतेदेखि चैत ५ गतेसम्म २ सय २ जनाले श्रम स्विकृति लिएको जनाईएको छ ।


## एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश , झापा जिल्ला,अर्जुनधारा नगरपालिका वडा नं.-०३ बस्ने श्री अन्नतलाल तिम्सिनाका छोरा, श्री केशवराम तिम्सिनाको मिति २०८०/११/०८ गते मृत्यु भएकाले निजका नाममा यस बैंकको शाखा कार्यालय चारपानेमा रहेको बचत खाता नं. 0251190000848700002 रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतककी श्रीमती अम्विका देवी शर्मा तिम्सिनाले मिति २०८०/११/२९ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदकबाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्थासम्वन्धी ऐन २०७३ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरासमेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, चारपाने
फोन नं. ०२३-५४४०८८


# घाइते प्रहरीलाई स्कुटर बितरण

मेचीनगर(प्रस)। इलाका प्रहरी कार्यालय काँकडभिट्टाले प्रहरी कल्याण कोषमार्फत उपलब्ध चारचक्के स्कुटर दुईजना फरक क्षमता भएका प्रहरीलाई बितरण गरेको छ ।
विभिन्न समयमा घाइते भएका



शिवसताक्षीका पूर्व प्रहरी हवल्दार टेकबहादुर साम्सोहाङ र मोरङका शिबनारायण महतोलाई भन्सार छुटमा ल्याएको स्कुटर बितरण गरिएको हो । कार्यक्रमका प्रमुख अतिथि कोशी प्रहरी प्रमुख, प्रहरी नायव महानिरीक्षक चन्द्र कुवेर खापुङले प्रतिगोटा १ लाख ६० हजार मूल्य पर्ने चारचक्के स्कुटरको चाबी र ब्लु-बुक हस्तान्तरण गरेका थिए ।
कार्यक्रममा मेची सामुदायिक प्रहरी सेवाकेन्द्रका अध्यक्ष मुक्ति पौडेल, झापाका प्रहरी उपरीक्षक मिलन केसीले सम्बोधन गरेका थिए । कार्यक्रमको संचालन प्रहरी निरीक्षक अर्जुनकुमार पोखेलले गरेका थिए । कार्यक्रममा बिराटनगर महानगरका प्रहरी उपरीक्षक दिपक पोखेरेल, झापाका प्रहरी उपरीक्षक मिलन केसी, माइती नेपाल काँकरभिट्टाका प्रमुख गोबिन्द घिमिरेलगायतको सहभागिता रहेको थियो ।

# दिपेशलाई हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति

झापा(प्रस) । बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलन गरेको आरोपमा पक्राउ परेका दिपेशकुमार पुनलाई थप ८ दिन हिरासतमा राख्न जिल्ला अदालत रूपन्देहीले अनुमति दिएको छ ।
सहकारीका १० हजार ३ सय ९१ बचतकर्ताको ७८ करोड ५० लाख रुपैयाँभन्दा बढी रकम अपचलन गरेको आरोप लागेका संस्थाका पूर्वसचिव पुनलाई प्रहरीले आइतबार अदालत पेस गरेको थियो ।
जिल्ला अदालतले ८ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको हो । पूर्वराष्ट्रपति नन्दबहादुर पुनका कान्छा छोरा उनी शुक्रबार ललितपुरको झम्सीखेलबाट पक्राउ परेका थिए ।
उनलाई प्रहरीले शुक्रबार नै बुटवल ल्याएर इलाका प्रहरी कार्यालयको हिरासतमा राखेको थियो ।
सहकारीले १ अर्ब ७ करोड रकम संकलन गरेर ९० करोड रुपैयाँभन्दा बढी रकम अपचलन गरेको लुम्बिनी प्रदेशको सहकारी दर्ता अधिकारीको कार्यालयले तयार गरेको प्रतिवेदनमा उल्लेख छ । प्रहरीले बचतकर्ताको उजुरी र सहकारी प्रतिवेदनका आधारमा सहकारी ठगी प्रकरणमा अहिलेसम्म तीन जना व्यक्तिलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ ।
प्रहरीले गत फागुन ४ गते सहकारीका बर्तमान अध्यक्ष ओमप्रकाश गुरुङ र भैरहवा शाखाकी व्यवस्थापक दुर्गा पाण्डेय चापागाईंलाई पनि पक्राउ गरेको थियो । त्यस्तै सहकारीका सञ्चालक र कर्मचारीका रूपमा रहेका कुमार रम्तेल र सहकारीको आईटी प्रमुख भविश्वर अर्याललाई पनि पोखराबाट बुटवल ल्याएर अनुसन्धान गरिरहेको छ । सुप्रिम सहकारीको सचिव रहेका रम्तेल र अर्याल पोखराको सूर्यदर्शन सहकारीको रकम अपचलनमा पक्राउ परेर पुर्पक्षका लागि थुनामा थिए ।
इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले अदालतले दिपेश पुनलई थप ८ दिन हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमति दिएको बताए ।


## साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना
परियोजना कार्यालय,कनकाई नगरपालिका,झापा
E-mail:-ngp.kankai@gmail.com

### दरभाउका लागि ७ दिने सूचना
सूचना प्रकाशन मितिः २०८०/१२/०६

कनकाई नगरपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारी तथा अभियान नेपालको सहजीकरणमा सञ्चालित"साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना"अन्तर्गत आ.व.०८०/८१ को स्विकृत बजेट तथा कार्यक्रम अनुसार सञ्चालन हुने उन्नत धानको बीउ सहयोग कार्यक्रमअन्तर्गत धानको बीउको लागत मूल्य तयार गर्ने प्रयोजनका लागि योग्य फर्म,कम्पनी वा संस्थालाई तपशिल बमोजिमको धानको बीउको प्रचलित दरभाउ मुल्य पठाई सहयोग गरिदिनु हुन सादर अनुरोध गरिएको छ ।
तपशिल

| क.सं | धानबालीको जातको नाम | न्यूनतम मूल्य प्रति १ के.जी | कैफियत |
|---|---|---|---|
| १ | रामधान | | |
| २ | हर्दिनाथ ६ | | |
| ३ | स्वर्णा सव १ | | |
| ४ | लल्का बास्मती | | |
| ५ | सावित्री | | |

**कार्यक्रम संयोजक**
साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास परियोजना
कनकाई,झापा


## कनकाईमा...

सक्षम भएको उनले बताए । विषादी प्रयोग नगरी पनि राम्रो उत्पादन हुन्छ भन्ने विश्वास बढेको उनले बताए । विषादीरहित तरकारी उत्पादन भएसँगै बजारको अभाव नभएको उनको भनाइ छ । "जहाँ-जहाँ विषादीरहित तरकारी उत्पादन हुन्छ, त्यो ठाउँमा व्यापारी गाडी लिएर पुग्ने गरेका छन्", कृषि शाखा प्रमुख उप्रेती भन्छन्, "जसले किसानलाई तरकारी उत्पादनमा थप ऊर्जा मिलेको छ ।"
नगरले कृषि समूह बनाएर तालिम दिने गरेको छ । हालसम्म सात वटा कृषि समूहले २१ बिघामा तरकारी खेती गरिरहेका छन् भने चार वटा कृषि समूह गठनको तयारी भइरहेको छ ।

नगरले नमुना खेतीका लागि आवश्यक बीउ, मल, प्राविधिक सहयोग गरिरहेको छ । यस वर्ष नगरले दिएको पाँच मन आलुको बीउबाट किसान समूहले एक सय २५ मन आलु फलाएका छन् भने गोलभेडा, बन्दा, लहरेबाली, काँक्रा, लौका, गाँजर, आलुलगायतका तरकारी खेती पनि गरिरहेका छन् । विषादीयुक्त खाद्यवस्तुले मानिसको स्वास्थ्यमा प्रतिकूल असर पर्दै गएकाले नगरलाई विषादीमुक्त बनाउन नगरपालिकाले योजना नै बनाएर अघि बढेको नगर प्रमुख राजेन्द्र पोख्रेल बताउँछन् ।
"मानव जीवनका लागि अत्यावश्यक वस्तु नै विषसरह बन्दै गएको छ", उनले भने, "समृद्धिको महत्वपूर्ण सूचक स्वास्थ्य हो, स्वस्थ्य हुन स्वस्थ खाना चाहिन्छ, त्यसका लागि कृषि क्षेत्रलाई विषादीमुक्त बनाउन जरुरी छ, हाम्रो अभियान पनि त्यही हो ।"
नगरमा सिँचाइ सुविधा वृद्धि गर्न प्रत्येक वर्ष सिँचाइ मोटर वितरण गर्दै आएको छ । गत वर्ष ५० लाखको सिँचाइ मोटर वितरण गरेको नगरपालिकाले चालु आर्थिक वर्षमा करिब ७० लाखको सिँचाइ मोटर खरिदका लागि प्रक्रिया अघि बढाएको छ ।

## बागलुङमा...

००६ ख ३८७९ नम्बरको बस खसेको हो । घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय झिवाखोलाको टोली घटनास्थलतर्फ लागेको छ । घटनाबारे थप जानकारी आइनसकेको केसीले बताए ।अँध्यारो भएकोले उद्धारमा कठिनाइ भएको केसीले बताए ।
घटनामा थप सुरक्षा र जनशक्ति आवश्यक भएपछि विपत् व्यवस्थापन गुल्म बागलुङबाट २० जना, नेपाली सेनाको घोडाबाँधे व्यारेकबाट समेत थप उद्धार टोली घटनास्थलतर्फ लागेको छ । घटनास्थल सदरमुकामदेखि १ सय ३० किमी पश्चिम पर्छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी मदन केसीले बताए ।


## शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
व्याङडाँडा, झापा
२०७३
प्र.स. प्रशासन ०८०/०८१
च.नं.
कोशी प्रदेश, नेपपाल

### कार्यक्रम संयोजक (अधिकृतस्तर सातौं सहर) पदको सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०८०।१२।०५

यस नगरपालिकाका लागि देहाय बमोजिमका पदको सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट शिवसताक्षी नगरपालिकाबाट स्वीकृत दरखास्त फारम भरी तोकिएको शुल्क बुझाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्द्र) दिनभित्र रितपूर्वक ३ (तीन) प्रति पासपोर्ट साईजको हालसालै खिचेको फोटो टाँस गरी दरखास्त आव्हान गरिन्छ ।

*तपसिल*

क)पदको विवरण-

| विज्ञापन नं | पद/तह | माग संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| ३-०८०/८१ | क्षयरोग कार्यक्रम संयोजक(अधिकृत सातौ सरह) | १(एक) | नेपाल सरकारबाट मान्यताप्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य वा स्वास्थ्य विज्ञान विषयमा स्नातक तह उतीर्ण गरी नेपाल स्वास्थ्य सेवा ब्यवसायी परिषदमा दर्ता तथा नविकरण भएको । | रु. १०००।०० |

ख) **उमेरको हद**- दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्गको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
ग) **दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु**-(१) ब्यक्तिगत विवरण (२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (३) न्यूनतम् शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपि (४) कार्यानुभव वा कुनै सरकारी सेवामा काम गरेको भए सो को प्रतिलिपि (५) दरखास्त दस्तुर बुझाएको रसिद/भर्पाई ।
*(उल्लेखित प्रमाण पत्रका प्रतिलिपिहरुमा स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ । )*
घ) **दरखास्त बुझाउने स्थान**- शिवसताक्षी नगरपालिकाको कार्यालय,ब्याङ्गडाँडा झापा ।
ङ) **छनौट प्रकृया**- लिखित र अन्तर्वार्ता ।(आवश्यक भएमा Short List गरिनेछ )।
च) **सेवा सुविधा**- कार्यक्रम कार्यविधि अनुसार ।
छ) सम्पर्क मिति-२०८०।१२।२१
रितपूर्वक दरखास्त फारम भरी स्वयम् उपस्थित भई दरखास्त दर्ता गर्नु पर्नेछ । रित नपुगी आएको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्वाही हुने छैन । अन्य विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको वेबसाईट www.shivasatakshimun@gmail.com मा हेर्नहुन वा नगरपालिकाको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।



## बिर्तामोड नगर अस्पताल
उपलब्ध सेवाहरु

**बाल रोग विशेषज्ञ सेवा**
शनिबार बाहेक हरेक दिन
बिहान १० बजेदेखि १२ बजेसम्म

**नि:शुल्क नर्मल डेलिभरी सेवा**
(प्रसूति सेवा)
हरेक दिन, २४ सै घण्टा

**मानसिक, नसा तथा टाउको रोग विशेषज्ञ**
दैनिक १२ बजेदेखि २ बजेसम्म

**स्त्री तथा प्रसूति रोग विशेष**
दैनिक १ बजेदेखि ४ बजेसम्म

- भिडियो एक्स-रे
- एक्स-रे
- इसीजी
- २४ घण्टे इमरजेन्सी सेवा (सञ्चालनको तयारीमा)
- डाइलोसिस सेवा (सञ्चालनको तयारीमा)
- गर्भवती जाँच सेवा
- रेबिजविरुद्ध भ्याक्सिन
- परिवार नियोजन सेवा
- पाठेघरको मुखको क्यान्सर जाँच
- नि:शुल्क सुरक्षित गर्भपतन सेवा
- बच्चाहरुमा हुने कुपोषण जाँच तथा व्यवस्थापन
- नसर्ने रोगको जाँच
- किटजन्य कोभिडको निशुल्क जाँच
- खोप कार्यक्रम
- निरोगिता प्रमाणपत्र दिने

नेपाल सरकारबाट तोकिएका ९८ प्रकारका औषधिको नि:शुल्क वितरण, विशेषज्ञ डाक्टरबाट दैनिक ओपीडी तथा परामर्श सेवा उपलब्ध छ ।

बिर्तामोड नगर अस्पतालमा **स्वास्थ्य बीमा सेवा** सञ्चालनमा छ ।



## सम्पादकीय

# आगलागीबाट होशियार

सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन आधिकारिकरूपमा सार्वजनिक गरिएको छैन तर चुहाइएका सूचनाकै भरमा पनि भन्न सकिन्छ – सुन तस्करीमा संलग्नहरूको प्रभाव र पहुँच निकै बलियो र व्यापक रहेछ । यसैले गृहमन्त्री रवि लामिछानेका लागि प्रतिवेदन यथार्थमै कार्यान्वयन गर्नु निकै चुनौतीपूर्ण हुने अनुमान गरिएको थियो । तर , प्रहरीले माओवादी उपाध्यक्ष कृष्णबहादुर महरालाई पक्राउ गरेपछि दोषीमाथि कार्वाही हुने कुरामा नेपाली जनता थोरै भएपति बिश्वस्त भएका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नाकाबाट तस्करी गरिएको ६०.७१६ किलो र इलेक्ट्रिक चुरोट (भेप)मा लुकाएर तस्करी गरिएको ९.५ किलो सुनको अनुसन्धानमा बदमासी गरिएको भन्दै संसद्मै प्रश्न भएपछि १४ असोजमा आयोग गठन गर्ने निर्णय गरेको थियो । आयोगले गत बिहीवार बुझाएको प्रतिवेदन गृहमन्त्रीले प्रधानमन्त्रीलाई हस्तान्तरण गरिसकेका थिए ।

अहिलेसम्म सुन तस्करीमा 'भरिया'ले मात्र समातिने वा सजाय पाउने गरेका थिए । राज्यका उच्च पदाधिकारीकै संरक्षण र सहयोगमा सञ्चालित तस्करी सञ्जालका हर्ताकर्ताहरूसम्म कारबाही गर्नेहरूको पहुँच पुग्न सकेको छैन । पछिल्लोपटक नेपाल प्रहरीको केन्□ीय अनुसन्धान ब्युरो (सीआईबी) ले गरेको छानबिनले पनि 'ठूला माछा' नछुने नीति नै अपनाएको थियो । सायद, यही कारणले जाँचबुझ आयोगले प्रतिवेदनमै प्रहरी र गृह मन्त्रालयका अधिकारीहरूलाई समेत कारबाहीको सिफारिस गरेको हो ।

कर्मचारीलाई 'विभागीय कारबाही' गर्न सजिलै हुन्छ । विभागीय कारबाहीका नाममा सरुवा गरिदिए पुग्छ । एकाध राजनीतिक नेताको स्वार्थ जोडिए पनि कर्मचारीलाई कारबाही गरेकै भरमा सरकार सङ्कटमा पर्दैन । तर, सुन तस्करीका मूल नाइके पहिल्याउन र कारबाही गर्न भने निकै मुस्किल हुनेछ । कारण, सत्ताको साँचो उनीहरूसँगै रहेको जो हुन्छ । जाँचबुझ आयोगको प्रतिवेदनको हवाला दिएर सार्वजनिक समाचारहरूमा सत्ताको नेतृत्व गर्ने नेकपा (माओवादी केन्द्र) का प्रभावशाली नेताहरूको नामसमेत उल्लेख भएको छ । माओवादी केन्द्रका तत्कालीन नेता तथा पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा र सल्लाहकारसमेत सुन तस्करीमा संलग्न रहेको भन्दै पक्राउ परेका थिए ।

गृहमन्त्री लामिछानेले नै सुन तस्करीको विषयमा अनुसन्धान गर्ने निकायले 'गम्भीर गल्ती' गरेको 'प्रमाण नष्ट गर्नेसम्मको काम भएको' प्रतिवेदनमा उल्लेख भएको जानकारी दिएका छन् । यसैगरी गृहमन्त्री लामिछानेले प्रतिवेदनले औंल्याएका नामसम्म पुगेर अनुसन्धान गर्ने र प्रतिवेदन सार्वजनिक गर्ने प्रयास गर्ने प्रतिबद्धता प्रकट गरेका छन् ।

जाँचबुझ आयोगले सीआईबीले जोगाएको भनेर औंल्याएका राजनीतिक व्यक्तिहरूलाई कारबाहीको दायरामा ल्याउन खोज्दा सरकारबाटै हट्नुपर्ने र कारबाही गर्न नसके आफ्नोमात्र होइन राष्ट्रिय स्वतन्त्र पार्टीकै विश्वसनीयता समाप्त हुने जोखिम गृहमन्त्री लामिछानेका सामु छ । यही जोखिम उनका लागि अहिलेसम्मकै सबैभन्दा ठूलो चुनौती हो ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# संघीयता र 'खण्डहर' गाउँ



• रामजी दाहाल

नेपालको संविधान २०७२ जारी भएसँगै २०७४ सालमा पहिलो पटक संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भयो । तीनै तहको निर्वाचन भएपछि बल्ल संघीयता कार्यान्वयनमा आएको हो । संघीयता कार्यान्वयनमा आएसँगै त्यसको मर्म र भावना अनुसार स्थानीय तहको विकास निर्माणले गति लिने आमनागरिकको अपेक्षा थियो । साथै, घरआँगनमै सरकारको उपस्थिति भएपछि अधिकार, साधनस्रोत र विकासका लागि सिंहदरबारसम्म धाउनु नपर्ने उनीहरूको बुझाइ थियो ।

हुन पनि त्यतिबेला नेताहरूले आश्वासन बाँडेका थिए कि अब देशका सबै भागमा विकासको मुल फुट्ने छ, सहर धाउनु पर्दैन । संघीयता कार्यान्वयनमा आएको सात वर्ष बितिसक्यो तर हिमाली र पहाडी भेगका बासिन्दाले त्यस्तो कुनै अनुभूति गर्न पाएका छैनन् । अर्कातिर राजनीतिक दलहरूले चुनावी घोषणापत्रमा 'गाउँ गाउँमा सिंहदरबार' को नारा अघि सारेका थिए । यसो हुँदा अब केही हुन्छ कि भन्ने गाउँघरका मानिसमा आशा पलाउनु स्वाभाविक थियो । त्यसैले सपनाको सहरमा कष्टकर जीवन बिताएका कतिपय नागरिक आशाका साथसाथै आशंका गर्दै गाउँ फर्किएका थिए । सिंहदरबारमा विद्यमान केन्द्रीकृत सोचको नेतृत्व तल्लो तहमा अधिकार हस्तान्तरण गर्न इच्छुक भएन, आजपर्यन्त छैन ।

हुन त बजेटका हिसाबले हेर्दा स्थानीय सरकार त्यति कमजोर पनि छैनन् । पर्याप्त मात्रामा बजेट छुट्याइएको छ तर त्यसको सदुपयोग नहुँदा बजेट बालुवामा पानी जस्तो भएको छ । भनिन्छ, कुनै पनि समाजको विकासको पहिलो पूर्वाधार भनेकै यातायात हो । त्यस कारण सडक सञ्जाल विस्तारको कामलाई स्थानीय सरकारले प्राथमिकता दिनु पर्छ । आजको दिनमा गाउँको विकास भनेको डोजर चलाउनु भएको छ । पालिका प्रमुख उपप्रमुखका आफन्तका डोजर भाडामा लिएर जथाभावी पहाडका भित्तो खोतल्दा पहिरोको समस्या उत्पन्न भएको छ । अर्कातिर गाउँघरमै सिंहदरबारको झल्को दिने गरी विशाल भवनहरू त ठडिएका छन् । तर ती भवनभित्र बस्ने जनप्रतिनिधिले जनभावना बुझेर काम गर्न सकेका छैनन् । स्थानीय सरकारको सातवर्षे कार्यकालमा गाउँबाट बसाइँ सराइ गर्नेको ताँती देख्दा त्यस्ता भौतिक संरचनाले नागरिकलाई भरोसा दिलाउन नसकेको बुझ्न सकिन्छ ।

मुलुकमा संघीय शासन व्यवस्था लागु भएपछिको पहिलो जनगणनाले पनि गाउँमा सिंहदरबार पुगेको छैन भन्ने तथ्य उजागर गरेको छ । यस अवधिमा मानिसहरूको परम्परागत बसाइँसराइको स्वरूपमा फेरबदल आउनु त परको कुरा, बरु गाउँबाट हुने

बसाइँसराइ बढ्दै गएको देखिन्छ । संघीयता कार्यान्वयनमा आएपछि राजनीतिक र नीति निर्माण तहका कतिपय नेतृत्वको बुझाइ थियो, काठमाडौँ उपत्यकालगायतका प्रमुख सहरमा आउने मानिसको चाप कम त हुने नै छ, गाउँघरमा मानिस फर्कने छन् । तर त्यसो भएन, पछिल्लो समय मानिस सहर पस्ने क्रम बढेको छ ।

त्यो बढेको पनि कुनै गाउँबाट नभई विराटनगर, वीरगन्ज, भरतपुर जस्ता महानगरपालिकाबाटै हो । यसबाट प्रस्ट कि संघीयताको मर्म अनुसार राज्यको स्रोतसाधन अझै पनि विकेन्द्रित हुन सकेको छैन । अर्थात् स्रोतसाधन र सुविधा जति सबै राजधानी काठमाडौँमै केन्द्रित हुन पुगेको छ । यसो हुँदा गाउँका सिंहदरबार नाम मात्रका हुन पुगेका छन् । बसाइँसराइको यो समस्यालाई तीन वटै तहका सरकारले अझै पनि गम्भीर रूपमा लिएका छैनन् ।

पछिल्लो जनगणना २०७८ अनुसार भौगोलिक हिसाबले हेर्दा देशको कुल जनसंख्याको आधाभन्दा धैरै अर्थात् ५३.६ प्रतिशत मानिसको बसोबास तराईमा छ । त्यसपछि क्रमशः पहाडमा ४०.३ प्रतिशत र हिमालमा ६.१ प्रतिशत रहेको छ । यसै गरी प्रादेशिक रूपमा सबैभन्दा धेरै कोशी प्रदेशमा १७.१ प्रतिशत छ भने मधेश र बागमतीमा २१/२१, लुम्बिनीमा १७.६, सुदूरपश्चिममा ९.२, गण्डकीमा ८.५ र कर्णालीमा ५.८ प्रतिशत जनसंख्या छ ।

पर्याप्त सम्भावना र स्रोतकै कारण हिमाल र पहाडबाट तराई र सहरी क्षेत्रमा मानिस बसाइँसराइका लागि आकर्षित भएका हुन् । यसो हुँदा सहरी क्षेत्रमा ग्रामीण क्षेत्रको जनसंख्या त थुप्रिने भयो नै, साथै, साधन र स्रोत पनि त्यही नै केन्द्रित हुन पुगेको छ । अर्थात् नागरिकले राज्यबाट गरेका अपेक्षाको सम्बोधन हुन सकेको छैन । स्थानीय तहलाई अधिकार दिइएको भए पनि साधनस्रोतमा संघीय एकाइ नै हाबी छन् ।

### रित्तिँदै गाउँघर

संघीयतापछि पनि गाउँमा विकास नहुँदा सुविधाको खोजीमा बसाइँ सर्ने क्रम बढ्दा पहाडी र हिमाली क्षेत्रका गाउँ कसरी रित्तिँदै गएका छन् भन्ने बुझ्न पूर्वी पहाडका केही दृष्टान्त हेरौँ । १० वर्षअघिसम्म बाक्लै बस्ती रहेको धनकुटा जिल्लाको चौबिसे गाउँपालिका वडा नं ३ र ४ मा पर्ने साबिकको कुरुलेतेनुपाका अधिकांश गाउँ रित्तिएका छन् । दुई दर्जन बढी परिवार बस्ने अँधेरी गाउँमा एक घर मात्रै बाँकी छ । अरू सबै बसाइँ सरेर अन्यत्रै गइसकेका छन् । घर कति भत्किसके, कति जीर्ण छन् । खेतबारी जङ्गल भएका छन् । बसाइँ सर्नेहरूको संख्या बर्सेनि बढ्दो रहेको गाउँपालिकाको तथ्याङ्कले देखाउँछ । २०७७ सालमा चौबिसेबाट १६० परिवारका ४३२ जना बसाइँ सरे । २०७८ सालमा थप १९६ परिवारका ५४६ जना बसाइँ सरेकोमा २०७९ मङ्सिरसम्म थप १८५ घरका ५६१ जना बसाइँ सरे । जुन तथ्याङ्क गाउँपालिकाबाट बसाइँसराइको प्रमाणपत्र लिनेहरूको मात्र हो । गाउँपालिकामा थाहा नदिई बसाइँ सर्नेहरू उत्तिकै छन् । स्वास्थ्य, शिक्षा र रोजगारीको खोजी बसाइँ सराइका प्रमुख कारण हुन् । त्यसबाहेक सामाजिक, आर्थिक, राजनीतिकलगायतका कारण पनि छन् । जस्तो, भोजपुर र खोटाङका विकट गाउँमा बाँदरबाट खेतीपाती जोगाउन नसकेपछि, खानेपानीको मुल सुकेर जीवनयापन गर्ने समस्या भएपछि बसाइँ सर्नेहरू पनि छन् ।

उता, सुदूरपश्चिम प्रदेशमा पनि बसाइँसराइको समस्या उस्तै छ । जस्तो महाकाली नदी छेउको डाँडामाथिको धौल्याली गाउँमा यातायात, खानेपानी र सिँचाइ सुविधा छ । बैतडी जिल्लाको दशरथचन्द नगरपालिका-८ मा पर्ने धौल्यालीका ६८ घरमध्ये अधिकांशमा मान्छे छैनन् । ४० घरपरिवार अन्यत्र बसाइँ सरिसके । खण्डहर घरका आँगन र बारी झाडीले छोपिएका छन् ।

कृषिमा निर्भर यहाँका किसानले उत्पादन गरेर बढी भएको खाद्यान्न नजिकैको सीमापारि झुलाघाट बजारमा बेचेर जीवन राम्रैसँग धान्दै आएका थिए तर केही वर्षयता गाउँमा बाँदर आतंकले गर्दा अधिकांश मानिस गाउँ छाडेर अन्यत्र हिँडीसके । गाउँ छोड्नेमध्ये आर्थिक अवस्था राम्रो भएका तराईतिर बसाइँ सरेका छन् । आफ्नो जमिनको खेतीले नपुगेपछि अरूको जग्गा भाडामा खेती गरेर परिवार धान्दै आएकाहरू मजदुरी गर्न काला पहाड गएका छन् । यसो हुँदा कतिपय गाउँ मानवविहीन हुँदै गएका छन् । गाउँ रित्तिँदा जमिन बाँझिएको छ ।

३६ हजार ९४७ जनसंख्या रहेको दशरथचन्द नगरपालिकाको जनसंख्या २०७८ को जनगणनामा ३१ हजारमा ७८६ मा झरेको छ । जनसंख्या घट्नुको मुख्य कारण बाँदरले मच्चाएको उपद्रो नै हो । नगरपालिकाका अनुसार वडा नं ५, ६, ८ र १० बाट पछिल्लो ५ वर्षमा ४८३ परिवारले बसाइँसराइको प्रमाणपत्र लिएका छन् तर गाउँ चटक्कै छाडेर सपरिवार मजदुरी गर्न भारत गएकाहरूको कुनै रेकर्ड छैन ।

बाँदरको त्रासले मानिस विस्थापित भएपछि विद्यार्थी अभावमा धेरै विद्यालय बन्द भइसकेका छन् । ८ नम्बर वडामा रहेको रणशैनी आधारभूत विद्यालय मात्र होइन, वडा नम्बर १० का शान्ति आधारभूत विद्यालय, ज्ञानेश्वर आधारभूत विद्यालय र वडा नम्बर ६ को जगन्नाथ आधारभूत विद्यालय पनि बन्द भएका छन् । यसरी विद्यालय बन्द हुँदा विद्यार्थी सीमापारि भारतका विद्यालयमा गएर पढ्न बाध्य छन् ।

प्रदेश र संघीय सरकारका बजेट पनि सहरकेन्द्रित भएका छन् । दलका नेता पनि सहर झर्दा उनीहरूको प्राथमिकता सहर हुन पुगेको छ । यसले सहरमा जनसंख्याको चापसमेत बढाएको छ । हिमाल र पहाड विकासको प्राथमिकतामा नपर्नुको एउटा कारण यो पनि हो । सहरमा विकास केन्द्रित गर्ने अनि गाउँ रित्तियो भनेर गुनासो गर्नुको कुनै अर्थ हुँदैन । त्यस कारण गाउँमै सामान्य जीवनयापन गर्न सक्ने वातावरण बनाउने अनि गुणस्तरीय शिक्षा र स्वास्थ्यको सुनिश्चित हुने हो भने बसाइँसराइको क्रम रोकिन सक्छ । यसतर्फ सिंहदरबारको राजनीतिक नेतृत्वले बेलैमा सोच्नु पर्छ ।

# भेपको पासोमा किशोरकिशोरी



• प्रेमनारायण भुसाल



केही दिन पहीले काठमाडौँकै एक विद्यालयको वार्षिकोत्सवमा पूर्वविद्यार्थीले भेप बेचेको समाचार सार्वजनिक भयो । सो स्कुलबाट पढाइ पूरा गरेका दाइदिदीहरूले बिक्री गरेको भेपलाई विद्यार्थीहरूले सामान्य रूपमा लिए । उनीहरूलाई यो विदेशबाट आयात गरिएको पानीको बाफ हो, खाँदा रमाइलो हुन्छ भनेर भेप बेचिएको थियो । पछि अभिभावकले चाल पाएपछि मात्र यो विषय सबैको सरोकारको विषय बन्न पुग्यो । विद्यालयले समेत अभिभावक र सञ्चार माध्यमबाट चासो र सरोकार राख्नुअघि भेप बिक्रीवितरणमा कुनै गम्भीरता देखाएको पाइएन ।

सामाजिक सञ्जालमा चुरोटको लत छुटाउने अचुक औषधी भेप अर्थात् इलेक्ट्रिक सिगरेट भनेर प्रचारप्रसार गरेको पाइन्छ । उनीहरूले भेपलाई कुनै पनि साइड इफेक्ट नभएको, वैज्ञानिक विधिबाट परीक्षण गरिएको आदि भनेर प्रचार गरेका छन् । त्यसो त विद्यालय तहका विद्यार्थी बिहान बेलुका स्कुल बस पर्खिने क्रममा भेप तान्न तल्लीन भएका दृश्यहरू काठमाडौँका गल्लीमा देखिन थालेका छन् । यी घटनाले हाम्रो समाज किशोरकिशोरीमाथि लगानी गर्न चाहन्छ तर उनीहरूका दैनिक क्रियाकलापलाई व्यवस्थित गर्न सामाजिक मूल्य र मान्यता सिकाउने काममा पछि परेको छ भन्ने कुरालाई पुष्टि गर्छ । आफ्नो बच्चाले भेप प्रयोग गरेको चाल पाउँदा पनि ऊ रिसाउला वा कुनै दुर्घटना निम्त्याउला भनेर गुपचुप राख्ने गरेका घटनासमेत छन् ।

हुक्का तान्ने फेसन मौलाउँदै जाँदा विद्यालय तहका विद्यार्थी स्कुल ड्रेसमै यस्ता होटलमा झुम्मिने गरेका थिए । हुक्का पिउनुभन्दा तुलनात्मक रूपमा सहज हुने भएकाले तथा सजिलो उपकरणमा सबैतिर प्राप्त हुने भएकाले भेप किशोरकिशोरीका बिचमा निकै लोकप्रिय बनेको छ । कुनै बेला सुन तस्करका लागि तस्करीको सजिलो माध्यम बनेको भेप अहिले विद्यार्थीहरूलाई नसाको पासोमा फसाउने डरलाग्दो उपकरण बनेर आएको छ । किशोरकिशोरीका भेटघाट र वनभोज जस्ता कार्यक्रममा भेप अनिवार्य वस्तु बन्न थालेको छ ।

चुरोट वा नसालु पदार्थ सेवन गर्नु नराम्रो हो भन्ने बुझे पनि सानो र चिटिक्क परेको उपकरणबाट सेवन गरिने भेप स्वास्थ्यका लागि झनै हानिकारक छ भन्ने कुरा नबुझ्दा सर्वसाधारणले यसलाई गम्भीरतापूर्वक लिएका छैनन् ।

### किन घातक छ भेप ?

भेपमा निकोटिन जस्तो नसालु र घातक पदार्थ रहेको हुन्छ । सुर्तीजन्य पदार्थमा पाइने निकोटिन आफैँमा नसालु पदार्थ मात्र नभएर निर्भरता सिर्जना गर्ने एडिक्टिक त□व पनि हो । यसमा प्रोपिलेन ग्लिकोल र ग्लिसिन जस्ता पदार्थसमेत मिसाइएको हुन्छ । क्यान्सरको कारक मानिएको रसायन एसेटालडिनाइल र फर्मालडेहाइड जस्ता रसायनको मिश्रण भेपमा भएको हुन्छ । यति मात्र होइन, फोक्सोमा लाग्ने गम्भीर खालको रोगका कारक एक्रोलिन डाइएसेटिल र डाइथेलिन ग्लुको जस्ता घातक रसायन भेपमा राखिएको हुन्छ ।

चुरोटको लत छुटाउनका लागि समेत प्रयोग गर्न सकिने भनेर प्रचार गरिएको भेपमा शरीरका लागि अति घातक मानिएका चुरोटमा नपाइने पदार्थ पनि रहेका हुन्छन् । यसमा बढी घनत्व भएका धातु जस्तै निकेल, टिन, सिसा र क्याडमियम जस्ता धातुका कणसमेत राखिएको हुन्छ । यी सबै पदार्थ मानव स्वास्थ्यका लागि निकै घातक हुन्छन् । यीमध्ये केहीले फोक्सोको नली साँघुरो बनाउने काम गर्छन् भने केहीले रगतमा मिसिएर मस्तिष्कीय विकारसमेत सिर्जना गर्छन् । विभिन्न अङ्गलाई क्षति पुऱ्याउनुका साथै क्यान्सर जस्तो घातक रोग निम्त्याउने कारक तत्वसमेत भेपमा रहेको हुन्छ । सेवनकर्तालाई आकर्षित गर्नका लागि विभिन्न फ्लेवर अथवा स्वादमा भेप उपलब्ध हुने गर्छ । निकोटिनको प्रचुरता हुने भएकाले भेपले छिटै नै लत बसाउँछ । अनि त चाहेर पनि व्यक्ति यसको पासोबाट फुत्किन सक्दैन । मानव स्वास्थ्यका लागि घातक भन्दै चुरोट बिँडीको बेचबिखनमा नियन्त्रण थालेको सरकारले भेपको प्रचारप्रसार, बिक्रीवितरण र सेवनमा कुनै नियन्त्रण र सावधानी अपनाएको देखिँदैन ।

### बढ्दो प्रभाव

किशोरावस्था नयाँ नयाँ अनुभव लिने र साथीसँगीका बिचमा आफ्नो बेग्लै परिचय दिने समय हो । यतिखेर उनीहरू आफूलाई दिवा स्वप्नमा राजकुमार राजकुमारी बनाउने गर्छन् । आफूप्रति ध्यानाकर्षण गर्नका लागि साथीहरूका बिचमा उनीहरूले साहसिक कामसमेत गरेर देखाउँछन् । असल संस्कार र पथप्रदर्शनको अभाव भएको खण्डमा भने नैतिक मूल्य र मान्यतालाई भञ्जन गरेर पनि उनीहरूले आफूलाई बहादुर सिद्ध गर्न खोज्छन् । शारीरिक हर्मोनहरूको उथलपुथल, तीव्र वृद्धि र विकासका कारण मनोसामाजिक अवस्थामा विचलन आउने समय पनि भएकाले उनीहरू आफ्ना अनेकौँ जिज्ञासालाई परीक्षणद्वारा पुष्टि गर्न चाहन्छन् ।

नैतिक मूल्य र मान्यता सिकाउन नसकेको खण्डमा यतिखेर उनीहरूले बालबिज्याइँ पनि गर्न सक्छन् । यसैले किशोरावस्था अभिभावकको प्रत्यक्ष सम्पर्कमा रही निरन्तर परामर्श र संवाद गरिरहनुपर्ने उमेर हो । यद्यपि यतिखेर किशोरकिशोरी आमाबुबालाई भन्दा आफ्नै साथीहरूलाई बढी विश्वास गर्छन् । नराम्रो सङ्गत भयो भने किशोरकिशोरीले नसोचेका काम गर्न सक्छन् । यसका पछाडि उनीहरूमा साथीहरूको दबाब वा सङ्गतको प्रभाव कारक बनेर रहेको हुन्छ ।

चुरोटबिँडी स्वदेशमै निर्माण हुने भए पनि भेप विदेशबाटै आयात गरिएको वस्तु हो । सरकारले चाहने हो भने यसलाई नियन्त्रण गर्न पनि सक्छ तर यसमा चासो देखाएको छैन । अझ विडम्बना त के छ भने भेप प्रयोक्ताले मात्र होइन, बिक्रेताले समेत यसका राम्रा पक्षका बारेमा बखान गर्ने गर्छन्, जुन आफैँमा अवैज्ञानिक, अतार्किक र अवास्तविक हुन् । धैरै व्यक्तिले त उनीहरूका कुरामा विश्वास गरेर चुरोट जस्तै सेवन गर्न सकिने तर स्वास्थ्यलाई घात नगर्ने भनी भेप सेवन गरेका पनि देखिन्छन् ।

अध्ययनले के देखाएको छ भने भेप सेवनबाट चुरोटको तलतली मेटाउन सकिन्छ र चुरोट सेवन गर्ने आदत नियन्त्रण गर्न पनि सकिन्छ तर यसले चुरोट सेवन नगर्ने अवस्थामा पुऱ्याउने होइन चुरोटबाट प्राप्त हुने निकोटिन भेपका माध्यमबाट प्राप्त गर्ने बानीमा स्थानान्तरण मात्र गर्छ । अर्थात् चुरोट नखाई बस्न नसक्नेलाई चुरोटबिना बस्न सक्ने बनाउँछ तर उनीहरू भेपबिना बस्न सक्दैनन् । यसरी भेप चुरोटको तलतली मेट्ने वा लत मेटाउने औषधी हुँदै होइन बरु चुरोटबाट झनै गम्भीर र घातक पदार्थको सेवनमा लत बसाल्ने माध्यम हो ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय तथा संघीय, प्रदेश र स्थानीय सरकारले किशोरकिशोरीबिच फैलिँदै गएको भेप विकृतिलाई नियन्त्रण गर्न जनचेतना विस्तारका साथसाथै विविध कार्यक्रम तुरुन्तै लैजानुपर्ने देखिन्छ ।

सञ्चारमाध्यमले समेत यस विषयलाई महत्व दिई आगामी पुस्तालाई भेपको पासोबाट मुक्त गर्न पहल कदमी लिनै पर्छ । समयमा नियन्त्रण गर्न नसकिए नसालु र विषाक्त पदार्थको सेवनबाट धेरै जना गम्भीर र दुसाध्य रोगको सिकार हुने छन् । जसले मानव विकास सूचकांकमा राष्ट्रको अवस्थालाई झनै दयनीय देखाउने छ ।

# प्रेमिकाको हत्यापछि शिवशंकरले गरे आत्महत्या

झापा(प्रस)। विराटनगरमा भएको स्टाफ नर्सको हत्याका आरोपी युवक झुण्डिएको अवस्थामा मृत भेटिएका छन्।

सिरहाको फुल्काहकट्टी घर भएका २३ वर्षीय शिवशंकर दास विराटनगर महानगरपालिका-४ स्थित फाइन होटल एन्ड लजको पंखामा प्लाष्टिकको डोरीको पासो लगाएर झुन्डिएको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ।

मोरङ प्रहरी प्रमुख एसपी नवराज कार्कीका अनुसार शिवशंकरलाई होटलको १०२ नम्बर कोठाभित्र आइतबार राति ९:४५ बजेतिर मृत फेला पारिएको हो। कोठाको चुक्कुल भित्रबाट लगाएर झुन्डिएको अवस्थामा शिवशंकर भेटिएका हुन्। उनले आत्महत्या गरेको हुनसक्ने प्रहरीको भनाइ छ।



कानुनी प्रक्रिया पूरा गरेर प्रहरीले शवलाई पोस्टमार्टमका लागि विराटनगरकै कोशी अस्पताल लगेको छ। यस विषयमा थप अनुसन्धान अघि बढाइएको एसपी कार्कीले बताए। उनका अनुसार शिवशंकरले आइतबार बिहान ११ बजेतिर होटलको कोठा बुक गरेको देखिन्छ।

विराटनगर-४ स्थित नोबेल शिक्षण अस्पतालको हाडजोर्नी विभागमा कार्यरत स्टाफ नर्स २२ वर्षीय चन्द्रिकाकुमारी दासको हत्या भएको अवस्थामा गत शुक्रबार शव फेला परेको थियो। सिरहाको फुल्काहकट्टी घर भएकी दास अस्पतालनजिक विराटनगर-४ बुढाथोकी मार्गस्थित धीरेन्द्र गिरीको घरमा डेरा बस्दै आएकी थिइन्। डेरा बसेको घरको कोठाभित्रको शौचालयमा शव फेला परेको हो।

शौचालयमा शव फालेर कोठाको चाबी बाहिरबाट लगाई हत्यामा संलग्न फरार भएका थिए। भान्सा कोठामा प्रयोग हुने कटर र चुलेसीले घाँटी काटेर चन्द्रिकाको हत्या गरिएको प्रहरीले जनाएको छ। हत्यामा प्रयोग गरिएको हतियार प्रहरीले बरामद गरेको छ। उनको हत्या बिहीबार नै भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छाचन्द्रिकाको हत्या गरेको खुलेपछि प्रहरीले फरार रहेका शिवशंकरको खोजी गरिरहेको थियो। प्रहरीले खोजी जारी राखेका बेला उनी मृत फेला परेका हुन्।

प्रहरीका अनुसार शिवशंकर र चन्द्रिका लगभग ४ वर्षदेखि प्रेम सम्बन्धमा रहेको खुलेको छ। प्रेममा उत्पन्न खटपट एवं सम्बन्धमा देखिएको दरार हत्याको कारण रहेको प्रहरीको भनाइ छ।

# मदनकृष्ण र हरिवंशलाई नागरिक सम्मान गरिने




झापा(प्रस)। जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान झापाले यस वर्षदेखि राष्ट्रिय स्तरको सम्मान बितरण गर्ने भएको छ।

बिर्तामोडस्थित ग्रिन्ड फिल्ड वर्ल्ड स्कूलको अडिटोरियममा सोमवार भएको पत्रकार सम्मेलनमा पूर्ण टुङ्ग आदर्श नागरिक सम्मान २०८० राष्ट्रिय प्रतिभा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य(महजोडी)लाई संयुक्त रुपमा प्रदान गरिने जानकारी दिइयो ।प्रतिष्ठानका अध्यक्ष गोपालकुमार बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष बस्नेतले आफ्ना पिता टुङ्गबहादुर बस्नेतको इच्छा अनुसार पूर्ण टुङ्ग अक्षयकोषमार्फत एक लाख ११२ हजार १ सय ११ रुपैयाँ नगदसहित पूर्ण टुङ्ग आदर्श नागरिक सम्मान गरिने जानकारी दिए।

आफ्नी आमा पूर्णकुमारीसमेतको स्मृतिमा स्थापित अक्षयकोषबाट जय नेपाल प्रतिष्ठानमार्फत यही चैत ७ गते सो सम्मान बितरण गरिने छ। भारतीय नाट्यकर्मी सीके श्रेष्ठको प्रमुख आतिथ्यमा आयोजना हुने कार्यक्रममा महजोडीलाई सो सम्मान प्रदान गर्न लागिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

भारतको दार्जिलिङ जिल्ला कालेङ्पोङका स्थायी बासिन्दा श्रेष्ठ नाट्य कलाकार, नाटककार, कवि, गीतकार, राजनेता, राजनीतिक चिन्तक र कुशल संठगक हुन्। पत्रकारिता र साहित्यका क्षेत्रका समेत स्थापित श्रेष्ठ भारत र नेपालका अनेक सम्मानबाट सम्मानित भएको कार्यक्रममा जानकारी दिइयो।

कार्यक्रममा पूर्ण टुङ्ग अक्षयकोषका संस्थापक सदस्य जितेन्द्र बस्नेतले अक्षयकोषका बारेमा जानकारी दिँदै आफ्ना पिताले जीवनकालमै लोक कल्याणका निमित्त कोष स्थापना गरिदिएको बताए। प्रतिष्ठानका उपाध्यक्ष राजकुमार पोखरेलले सहजीकरण गरेको कार्यक्रममा सञ्चारकर्मीहरुले विभिन्न जिज्ञासा राखेका थिए। कार्यक्रममा प्रतिष्ठानका सचिव लक्ष्मण ढकालले स्वागत मन्तव्य राखेका थिए।

# इलाम-२ को उपनिर्वाचनका लागि २० दल दर्ता



झापा(प्रस)। आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि इलाम निर्वाचन क्षेत्र नम्बर २ मा २० दल दर्ता भएका छन्। सोमबार निर्वाचन आयोगले ती दललाई दर्ता गर्दै निर्वाचन चिह्नको क्रम निर्धारण गरेको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राजनीतिक दल सम्बन्धी नियमावली बमोजिम निर्वाचन प्रयोजनका लागि दर्ता गरिएको र यसरी दर्ता भएका राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान गरी निर्वाचन चिह्नको क्रम निर्धारणसमेत गरिएको जानकारी दिए।

# मोरङमा हात्तीको आक्रमणबाट दुईजना घाइते



झापा(प्रस)। मोरङमा जंगली हात्तीको आक्रमणबाट आइतबार साँझ दुईजना घाइते भएका छन्। हात्तीले आक्रमण गर्दा सुन्दरहरैंचा नगरपालिका-६ का ५० वर्षीय रामकुमार श्रेष्ठ र १९ वर्षीय सन्तोष राय घाइते भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी रन्जनकुमार दाहालले जानकारी दिए।

उनका अनुसार घाँस काट्न शिवम् साझेदारी वन गएका बेला जंगलमा जम्काभेट हुँदा श्रेष्ठ र रायलाई साँझ ५ बजेतिर हात्तीले आक्रमण गरेको हो। हात्तीले श्रेष्ठको खुट्टामा कुल्चिएको र रायलाई सुँडले हानेको प्रहरीले जनाएको छ। स्थानीयका अनुसार जंगली हात्ती १५/२० वटाको संख्यामा देखापरेका थिए। त्योमध्ये एउटा हात्तीले आक्रमण गरेको हो।

घटनापछि हात्तीको बथान जंगलतर्फ लागेको प्रहरीले जानकारी दिएको छ। प्रहरीका अनुसार घाइतेमध्ये श्रेष्ठको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र रायको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ।

# राष्ट्र बैंकका निर्देशक आचार्य बर्खास्त

झापा(प्रस)। महिला सहकर्मी कर्मचारीमाथि यौन दुर्व्यवहार गरेको आरोपमा नेपाल राष्ट्र बैंकका निर्देशक थानेश्वर आचार्य बर्खास्त भएका छन्।

एक उच्च पदस्थ महिला कर्मचारीलाई यौन दुर्व्यवहार गरेको भन्दै परेको उजुरीउपर छानविन गर्दा दोषी देखिएपछि आचार्यलाई बर्खास्त गर्ने निर्णय भएको राष्ट्र बैंकका सहप्रवक्ता डिल्लीराम पोखरेलले जानकारी दिए। 'उहाँलाई बैंकिङ सेवामा अयोग्य नठहरिने गरी नेपाल राष्ट्र बैंकको सेवाबाट बर्खास्त गर्ने निर्णय गरिएको छ,' उनले भने।

राष्ट्र बैंकको कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन, २०७४ समेत मिलाइएको रूपमा) को विनियम १४५ को खण्ड (ख) को (१) बमोजिम आचार्यलाई बर्खास्त गरिएको राष्ट्र बैंकले जनाएको छ।

गत पुष अन्तिम साता नगरकोटमा आयोजित कर्मचारीहरुको तनाव व्यवस्थापनसम्बन्धी कार्यक्रममा निर्देशक आचार्यले उच्च पदस्थ महिला कर्मचारीलाई यौन दुर्व्यवहार गरेको बताइएको छ।

कारवाहीको माग गर्दै ती महिला कर्मचारीले उजुरी हालेकी थिइन्। उजुरीउपर छानबिन गर्दा दोषी ठहर भएपछि कारवाहीस्वरुप बर्खास्त गरिएको राष्ट्र बैंकले जनाएको छ।

# कनकाईमा विषादीरहित तरकारी उत्पादन



झापा(प्रस)। कनकाई नगरपालिकाका किसानले करिब एक करोड ५० लाख बराबरको विषादीरहित तरकारी उत्पादन गरेका छन्। नगरले विषादीरहित तरकारी उत्पादनका लागि सहयोग-सहजीकरण गर्न थालेसँगै सो रकम बराबरको तरकारी उत्पादन भएको कनकाई नगरपालिका कृषि शाखा प्रमुख यदुकुमार उप्रेतीले जानकारी दिए।

"विभिन्न किसान समूह बनाएर 'आइपीएम' तालिम दिएका छौँ", उनले भने, "तालिम लिएसँगै किसानले तरकारी खेती गरिरहेका छन्।" विषादीको प्रयोगले उपभोक्तामा गम्भीर असर पर्ने थाहा पाएसँगै यहाँका किसान विषादीरहित तरकारी उत्पादनमा लागेको उनको भनाइ छ। नगरपालिकाले दिएको तालिमले किसानले गुणस्तरीय र विषादीरहित तरकारी उत्पादन गर्न सक्षम हुनुका साथै कार्यालय स्थापना गरेर कृषिकर्ममा लाग्न

❖ बाँकी अन्तिम पृष्ठमा

# दुई फरार प्रतिवादी पक्राउ



झापा(प्रस)। सवारी ज्यान र लागूऔषध मुद्धाका दुईजना फरार प्रतिवादी पक्राउ परेका छन्।

पक्राउ पर्नेहरुमा शिवसताक्षी नगरपालिका वडा नं.७ भई हाल दमक नगरपालिका वडा नं.८ बस्ने ३४ वर्षीय तिलमान चेम्जोङ र बुद्धशान्ति गाउँपालिका वडा नं.१ का २७ वर्षीय सन्देश नेम्वाङ रहेका छन्। झापा जिल्ला अदालतले सवारी ज्यान मुद्धामा चेम्जोङलाई १० दिन र नेम्बाङलाई ६ महिना कैद सजाय तोकेको थियो।

उनीहरुलाई जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी अदालतको आदेशले कारागार पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

# तीनदिने तालिम सम्पन्न

बिर्तामोड (प्रस) ।दलित समुदायका महिलालाई लक्षित गरि बिर्तामोड नगरपालिका वडा नं. १० मा सञ्चालित नेतृत्व विकास तथा उद्घोषण कलासम्बन्धी तीनदिने तालिम सोमबारसम्पन्न भएको छ।

नारी सञ्चार गृहको आयोजना तथा बिर्तामोड नगरपालिका वडा नं. १० को सहयोगमा सञ्चालित तालिमको समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि बिर्तामोड नगरपालिका वडा नं. १० का वडाध्यक्ष दुर्योधन गुरुङले १० नं. वडा छुवाछुतमुक्त रहेको बताउँदै जात/थरकै आधारमा कसैले पनि आफूलाई




कमजोर नठान्न सुझाव दिए।

केही गर्न सक्छु भन्ने इच्छाशक्ति आफूभित्रै जागृत हुनुपर्नेमा जोड दिँदै अध्यक्ष गुरुङले सबैले समान रुपमा अघि बढ्न प्रयास गर्नुपर्नेमा बताए।

सहभागीका तर्फबाट बेबिका कार्की डोली, युनिसा दर्नाल, मुना विक,मनमाया नेपाली लगायतले तालिम उपलब्धीमूलक भएको प्रतिक्रिया दिँदै आगामी दिनमा पनि दलित महिलालाई अघि बढाउने प्रकृतिका कार्यक्रम ल्याउन माग गरे।

नारी सञ्चार गृह झापाकी अध्यक्ष रेजिना गौतमको अध्यक्षता तथा वडाध्यक्ष गुरुङको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा सदस्यहरु पृथ्वीबहादुर बस्नेत, धनमाया श्रेष्ठ, दिपिका शिवा, १० नं. वडा महिला सञ्जालकी अध्यक्ष खिलेश्वरी पाण्डेलगायतले शुभकामना मन्तव्य राखेका थिए। तीन दिनसम्म सञ्चालित तालिमको सहजीकरण नारी सञ्चार गृहकी निवर्तमान अध्यक्ष भिमा शिवाकोटीले गरेकी थिइन्।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ। जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ। घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ। रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ। सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ। चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ। व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ। रोकिएका काम पुन: सुरु हुन सक्छन्।